# राक्सिराङ्ग गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड ०४, संख्या ११, मकवानपुर, मंसिर २६ गते, २०७७ साल

## भाग २

## राक्सिराङ्ग गाउँपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राक्सिराङ्ग गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सोही दफाको उपदफा (३) बमोजिम सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## महिला समुह, महिला समिति तथा निगरानी समूह गठन, सञ्चालन एवं व्यवस्थापन गर्न बनेको कार्यविधि, २०७७

संवत् २०७७ सालको कार्यविधि नं. ५४

# महिला समुह, महिला समिति तथा निगरानी समूह गठन, सञ्चालन एवं व्यवस्थापन गर्न बनेको कार्यविधि, २०७७

## प्रस्तावना :

समुदायमा बसोबास गर्ने महिलाहरुको सामाजिक, आर्थिक, राजनितिक एवं साँस्कृतिक पक्षहरुमा अधिकतम सहभागिता बढाउनुका साथै महिलाहरुलाई सशक्तिकरण गराउनका लागि निश्चित भौगोलिक क्षेत्रभित्र रहेका एक घर एक महिला सदस्य रहने गरी टोलस्तरमा महिला समुह गठन, सोहि महिला समुहहरुबाट छनोट गरी वडास्तरमा महिला समिति गठन तथा गाउँपालिका भरिका महिला समुह तथा समितिहरुको निगरानी एवं व्यवस्थापन गर्नका निमित्त गाउँपालिकाको उपाध्यक्षको नेतृत्वमा गाउँपालिकास्तरीय एक निगरानी समुह गठन गरी उक्त समुहहरुलाई व्यवस्थित गर्न राक्सिराङ्ग गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी राक्सिराङ्ग गाउँपालिकाले मिति २०७७/०८/२६ .मा यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम “महिला समुह, महिला समिति तथा निगरानी समूह सञ्चालन कार्यविधि, २०७७” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** :  विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “अध्यक्ष” भन्नाले गाउँ कार्यपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) “उपाध्यक्ष” भन्नाले गाउँ कार्यपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(घ) “गाउँपालिका” भन्नाले राक्सिराङ्ग गाउँपालिका सम्झनुपर्छ ।

## परिच्छेद २

## महिला समूहको गठन तथा उद्देश्य

३. **महिला समुह, महिला समिति र निगरानी समुहको गठन :** (१) महिला समुहको गठन देहाय बमोजिम हुनेछ :

(क) प्रत्येक घरबाट एक महिला सदस्य (एक घर एक महिला) रहने गरी टोलस्तरमा एक महिला समुह गठन हुनेछ,

(ख) समुहमा सामूहिक भेलाबाट मनोनित गरी अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र आवश्यकता अनुसार ७ सदस्यहरु रहेको एक महिला समुहको कार्यसमिति गठन हुनेछ ।

(२) महिला समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) प्रत्येक टोलका प्रत्येक महिला समूहबाट १/१ सदस्य रहने गरी प्रत्येक वडामा वडास्तरीय महिला समिति गठन गरीनेछ,

(ख) समितिमा वडास्थित महिला जनप्रतिनिधिको रोहवरमा बसेको समुहका प्रधिनिधीहरुको बैठकले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षको छनोट गर्नेछ ।

(३) निगरानी समूहको गठन देहाय बमोजिम हुनेछ :

(क) सम्पुर्ण वडाका महिला समुहरुको निगरानी, परिचालन, सुपरिवेक्षण तथा व्यवस्थापन गर्नका निम्ति गाउँपालिकाको उपाध्यक्षज्यूको नेतृत्वमा गाउँपालिकास्तरीय निगरानी समुह गठन गर्नेछ ।

(ख) गाउँपालिकाको उपाध्यक्षज्यूको संयोजकत्वमा (अध्यक्षतामा) प्रत्येक वडाको महिला समितिले सिफारीस गरेका मध्येबाट १/१ जना सदस्य, उपाध्यक्षज्यूबाट मनोनित दलित/जनजाति/विपन्न मध्येबाट २ जना सदस्य र गाउँपालिकाको महिला विकास हेर्ने कर्मचारी सदस्य सचिव रहने गरी १३ सदस्यीय समूह रहनेछ ।

४. **उद्देश्य :** महिला समुह गठन गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार हुनेछन् :

(क) टोल, बस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा उक्त टोलबासीका महिलाहरुको पहुँच अभिवृद्धि गर्ने,

(ख) गाउँ समुदायदेखि स्थानिय स्तरमा हुने विभिन्न कार्यक्रमहरुमा महिलाहरुको सहभागिता सुनिश्चित गर्ने,

(ग) महिलाहरुलाई सामाजिक, आर्थिक, राजनितिक लगायतका विषयहरुमा जागरुक गराउँदै उनीहरुको हक अधिकारप्रति सचेत गराउने,

(घ) समाजमा विद्यमान लैङ्गिक असमानतालाई अन्त्य गर्दै सामाजिक न्याय एवं समानता कायम गर्ने,

(ङ) समाजमा पछाडि परेका महिलाहरुलाई विभिन्न जनचेतनामुलक कार्यक्रमहरुमा सहभागि गराएर अगाडि बढ्न अभिप्रेरित गर्ने,

(च) विभिन्न सीपमुलक तालिमहरु सञ्चालन गरी आयआर्जनका क्षेत्रमा महिलालाई अगाडि बढाई आर्थिक रुपमा सबल हुन सहयोग गर्ने,

(छ) पिछडिएका क्षेत्रहरुमा भईरहेका महिला हिंसा, घरेलु हिंसा तथा मानव बेचबिखन जस्ता समस्याहरुबाट महिला तथा बालबालिकाहरुलाई जोगाउन सहयोग गर्ने,

(ज) समुदायस्तरमा आपसी सद्भाव, समझदारी, समन्वय, मेलमिलाप एवं समताको भावना जागृत गराउँने,

(झ) समाजका निति निर्माण लगायत विकास निर्माणका कार्यमा महिलालाई अग्रसर गराउँदै बौद्धिक एवं आर्थिक रुपमा सक्षम बनाउन सहयोग गर्ने ।

## परिच्छेद ३
## महिला समुहको दर्ता/सुचिकृत

५. **दर्ता/सुचिकृत :** (१) महिला समुहको दर्ता/सुचिकृत देहाय बमोजिम हुनेछ :

(क) महिला समुहको बैठकमा सर्वसम्मत निर्णय गराई सम्बन्धित गाउँपालिकाले अनुसुचि-१ बमोजिमको विधानमा टेकेर दर्ता/सुचिकृत गर्नेछ ।

(ख) महिला समुहलाई गाउँपालिकामा दर्ता/सुचिकृत गर्दा पेश गर्ने नमुना अनुसुचि-२ मा उल्लेख गरिएको छ ।

(ग) महिला समुहबाट निर्णय गरी दर्ताको लागि निवेदन पेश गरेमा सम्बन्धित गाउँपालिकाले अनुसुचि-३ बमोजिमको महिला समुह दर्ता प्रमाण पत्र प्रदान गर्नेछ ।

(२) महिला समुहले यस कार्यविधि बमोजिमका उद्देश्य विपरीत कुनै काम गरेमा वा प्रचलित कानुनले गर्न नपाउने कार्य गरेमा गाउँपालिकाले महिला समुहको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नयाँ महिला समुह गठन हुनेछ ।

## परिच्छेद ४
## महिला समूहका कार्यहरु

६. **महिला समुह,महिला समिती तथा निगरानी समूहका कार्यहरु :** (१) महिला समूहको कामहरु देहाय बमोजिम हुनेछ :

(क) समाजमा आयोजित विभिन्न सामाजिक, राजनितिक कार्यक्रहरुमा महिलाको सहभागिता सुनिश्चितताको लागि जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने,

(ख) एच.आई.भी./एड्स, अन्धविश्वास, छाउपडि प्रथा, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने,

(ग) समाजमा हुने अन्याय, अत्याचार, विभिन्न घरेलु तथा महिला हिंसा विरुद्ध सामुहिक आवाज उठाउने,

(घ) महिला तथा बालबालिकाको हक अधिकारको सुनिश्चितता गर्ने,

(ङ) विभिन्न सामाजिक, आर्थिक तथा जनसरोकारका विषयहरुकामा महिलाहरुलाई जागरुक गराउने,

(च) आफ्नो समुदायलाई वातावरण तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,

(छ) समुदायमा महिलाहरुको सशक्तिकरण तथा विकासका लागि विभिन्न स्रोतबाट प्राप्त साधन स्रोतको उच्चतम सदुपयोग गर्ने,

(ज) समुदायका महिलाहरुलाई आयआर्जनका क्षेत्रमा अगाडि बढाउन आवश्यक तालिमहरु प्रदान गर्ने,

(झ) टोल तथा गाउँ समाजका विभिन्न विकास निर्माणका कार्यहरुमा महिलाहरुको उच्चतम सहभागिता जनाउने ।

(२) महिला समितिका कार्यहरु देहाय बमोजिम हुनेछ :

(क) महिला समितिले वडास्थीत समन्वयकारी भुमिका निर्वाह गर्ने,

(ख) गाउँपालिका र महिला समूहलाई जोड्ने पुलको कार्य गर्ने,

(ग) महिला समूहलाई आवश्यक सम्पूर्ण सहयोग गर्ने,

(घ) महिला समूहले गर्ने कार्यक्रमहरुमा सहभागिता जनाउने,

(ङ) गाउँपालिका तथा निगरानी समूहसँग आवश्यक सहकार्य गर्ने ।

(३) निगरानी समूहका कार्यहरु देहाय बमोजिम हुनेछ :

(क) गाउँपालिकासँग नियमित सम्पर्कमा रहने,

(ख) महिला समूह तथा महिला समितिको निरीक्षण एवं सुपरिवेक्षण गर्ने,

(ग) महिला समूहलाई विभिन्न कार्यक्रमहरु सञ्चालन गर्नका लागि तालिम, जनचेतना तथा आवश्यक सहयोग गर्ने,

(घ) गाउँपालिका तथा विभिन्न संघसस्थाहरुबाट आएका तालिम, कार्यक्रम, सहयोगहरुलाई महिला समूहहरुसम्म न्यायोचित ढङ्गले पुऱ्याउने तथा महिलाहरुको आवश्यकतालाई ध्यानमा राखि गाउँपालिका तथा सम्बन्धित निकायसँग सहकार्य गर्ने ।

## परिच्छेद ५
## महिला समुहको बैठक

७. **महिला समुहको बैठक :** महिला समुहको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

(क) महिला समुहका सदस्यहरुको हित, सहयोग एवं समन्वयका लागि महिला समुहको बैठक महिनामा कम्तिमा १ पटकमा नघट्ने गरी बस्नेछ ।

(ख) समुहको बैठकमा वडामा रहेको महिला समितिका प्रतिनिधिहरु, सामाजिक परिचालक लगायत अन्य सरोकारवालाहरुलाई आमन्त्रित गर्न सकिनेछ ।

## परिच्छेद ६
## आर्थिक व्यवस्थापन, लेखा तथा लेखापरिक्षण

८. **आर्थिक व्यवस्थापन** : समुहका आम्दानी, खर्च, नाफा, लेखा, लेखा परीक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

(१) महिला समुहका आम्दानी

(क) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।

(ख) महिला समुहले आयमुलक कार्यहरु सञ्चालन गरी प्राप्त हुने आम्दानी ।

(ग) समुहले अन्य स्रोतबाट प्राप्त गरेको रकम ।

(२) खर्च

(क) समुहको प्रगती एवं विकासका लागि समितिको कोषको रकम निर्णयअनुसार खर्च हुनेछ ।

(ख) समुह सञ्चालन, व्यवस्थापन र लेखापरिक्षणका लागि गर्नुपर्ने खर्चहरु समुहको नीति बमोजिम खर्च हुनेछ ।

(३) नाफा

महिला समुहले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम समुहको नाफा मानिनेछ ।

(४) लेखा

(क) कोषाध्यक्षले सबै प्रकारका नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, समुहको सञ्चालन र व्यवस्थापनमा भएका प्रशासनीक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ ।

(ख) कोषाध्यक्षले राखेको अम्दानी खर्चका हिसाब महिला समुहको बैठकमा पेश गर्नुपर्दछ ।

(५) लेखापरिक्षण

समुहको लेखापरीक्षण देहाय बमोजिम हुनेछ :

(क) लेखापरीक्षक नियुक्ति गर्दा गाउँपालिकालाई जानकारी गराउनुपर्दछ ।

(ख) समुहले नियुक्त गरेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ ।

(ग) आवश्यकताअनुसार गाउँपालिकाले पनि समुहको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्नेछ ।

(घ) समुहले आफ्नो वार्षिक लेखापरीक्षणको प्रतिवेदन सम्बन्धित गाउँपालिकामा समेत पेश गर्नुपर्नेछ ।

## परिच्छेद ७
## विविध

### ९. विविध

(क) यो कार्यविधि प्रचलित नेपालको ऐन, नियमहरुसँग बाझिएमा बाझिएका बुदाँहरु स्वतः खारेज हुनेछन् ।

(ख) यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा सोको गाउँपालिका परिषदको निर्णयअनुसार फुकाईनेछ ।

# अनुसूची १
## दफा ५ को उपदफा (१) को खण्ड (क) सँग सम्वन्धित

### १. प्रारम्भिक :

संक्षिप्त नाम र प्रारम्भ :

(क) यो विधान ........................................महिला समुहको विधान हुनेछ।

(ख) यो समुहको नाम .................................... हुनेछ।

(ग) यो विधान .................................. महिला समुहको साधारण सभाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

(घ) यस समुहको कार्यालय ........................................ मा रहनेछ।

(ङ) समुहको सीमाना देहाय बमोजिम हुनेछ।

पुर्व ...................................., पश्चिम .............................,

उत्तर...................................., दक्षिण ................................ ।

### २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा

(क) समुह भन्नाले ................................................महिला समुहलाई सम्झनुपर्छ।

(ख) विधान भन्नाले महिला समुहको विधानलाई सम्झनुपर्छ।

(ग) साधारणसभा भन्नाले समुहको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ।

(घ) समिति भन्नाले महिला समुहको कार्यसमिति सम्झनुपर्छ।

(ङ) बैठक भन्नाले समुहको संयुक्त वा छुट्टाछुट्टै बैठक समझनुपर्छ।

(च) पदाधिकारी भन्नाले कार्यसमितिका अध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरुलाई जनाउँछ ।

## ३. संगठित समुह हुने :

(क) समुहको छुट्टाछुट्टै छाप हुनेछ । समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ ।

(ख) समुहले चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ । तर समुहले आफ्नो अचल सम्पत्ति बिक्री गर्न भने पाउने छैन । समुह विघटन भए सो समुहको सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

## ४. समितिका उद्देश्यहरु :

समुहको सामुहिक, सामाजिक तथा आर्थिक विकासका लागि देहाय बमोजिमको उद्देश्य हुनेछ :

(क) समुहीकस्तरमा सक्षम र दिगो स्वायत्त समुहको विकास गर्ने ।

(ख) समुहका व्यक्तिहरुको आयमा वृद्धि गर्ने कार्यक्रमहरुको सञ्चालन गरी गरिबी न्युनीकरणमा मद्दत पुऱ्याउने ।

(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरका व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।

(घ) समुहलाई सहभागितात्मक योजना, अनुगमन र मुल्याङ्कन प्रकृयामा सक्रिय सहभागी बनाउने ।

## ५. महिला समुहको कार्यसमितिको गठन :

महिला समुहको गठन देहाय बमोजिम हुनेछ :

(क) प्रत्येक घरबाट एक महिला सदस्य (एक घर एक महिला) रहने गरी टोलस्तरमा एक महिला समुह गठन गर्ने,

(ख) समुहमा उपस्थित भएका सदस्यहरुको सर्वसम्मत निर्णयबाट मनोनित गरी अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र आवश्यकता अनुसार ७ सदस्यहरु रहेको एक महिला समुहको कार्यसमिति गठन हुनेछ । महिला समूह कार्यसमितीको कार्यकाल २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष भएको व्यक्ति लगातार दुई कार्यकाल भन्दा बढी अवधि एउटै पदमा बस्न पाउने छैन ।

६. **समूहका कार्यहरु :** महिला समूहका कार्यहरु देहाय बमोजिम हुनेछ :

- प्रत्येक टोलस्तरमा सम्भव भएसम्म सबै घरपरिवारका महिला सदस्य सहभागी भएको महिला समूहहरु गठन गर्ने,
- समूहका सदस्यहरुलाई उद्यमशीलता तर्फ गराउन आवश्यक पहल गर्ने तथा सोही बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्ने,
- एच.आई.भी./एड्स, अन्धविश्वास, छाउपडि प्रथा, बाल विवाह, बहु विवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने,
- विभिन्न सामाजिक, आर्थिक तथा जनसरोकारका विषयहरुकामा महिलाहरुलाई जागरुक गराउने,
- आफ्नो समुदायलाई वातावरण तथा बालमैत्री बनाउने खालका कार्यक्रमहरु सञ्चालन गर्ने,
- समुदायमा महिलाहरुको सशक्तिकरण तथा विकासका लागि विभिन्न स्रोतबाट प्राप्त साधन स्रोतको उच्चतम सदुपयोग गर्ने,
- समुदायका महिलाहरुलाई आयआर्जनका क्षेत्रमा अगाडि बढाउन आवश्यक तालिमहरु प्रदान गर्ने,
- टोल तथा गाउँ समाजका विभिन्न विकास निर्माणका कार्यहरुमा महिलाहरुको उच्चतम सहभागिता जनाउने ।

## ७. महिला समुहका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार

महिला समुहका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार**

- समुहको नियमित बैठक बोलाउने, बैठकका लागि मिति, समय र स्थान तोक्ने ।
  - बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।
  - बैठकमा  अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।
  - छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।
  - निर्णयहरु लागु गर्ने र गर्न लगाउने ।
  - विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।
  - समुहले आर्जन / प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।
  - विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।
  - कार्यविधि बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख) समुहका_सचिवको काम, कर्तव्य र अधिकार :**

- अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।
  - एकतिहाई सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने ।
  - छलफलका प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।
  - समितिको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।
  - तोकिएका अन्य कार्य गर्ने ।

**(ग) समुहको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

- समुहको आम्दानी र खर्चको विवरण तयार गर्ने ।
  - खर्चको लेखापरिक्षण गराउने ।
  - बैंकमा खाता संचालन गर्दा संयुक्त रुपमा खाता संचालन गर्ने ।

- समुहको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(घ) समुहका सदस्यहरुको काम, कर्तव्य र अधिकार :**

- गाउँपालिका वा गाउँकार्यपालिकासँग भएको साझेदारी पत्रमा उल्लेखीत शर्तअनुसार गर्नुपर्ने कामहरु गर्ने ।

- समुहको हिसाब किताब जाँच गर्ने ।
- समुहका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमितरुपमा गर्ने ।
- आवश्यकताअनुसार समुह संचालनका लागि नीति, नियमहरु बनाउने र सो नियमहरु पालना भए नभएको हेर्ने ।
- सहभागिताको लागि बोलाईएको कार्यक्रमहरुमा अनिवार्य सहभागि हुने।
- आवश्यकताअनुसार अध्यक्ष, सचिव ,कोषाध्यक्षलाई सघाउने ।
- तोकिएका अन्य कार्य गर्ने ।

**८. सदस्यता**

समितिमा सदस्यता देहाय बमोजिम हुनेछ :

(क) यस विधानको उद्देश्य बमोजिम समूहप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने टोलका प्रत्येक घरधुरीका महिला सदस्य यस समूहको सदस्य हुनेछ ।

(ख) सदस्य बन्न इच्छुक नयाँ महिलालाई समूहले तोकेबमोजिम समूहमा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**९. सदस्यता नरहने**

देहायको अवस्थामा सदस्य रहने छैन :

(क) सदस्यको मृत्यु भएमा,

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन समूहले स्वीकृत गरेमा, तर समूहको निर्णयउपर चित्त नबुझेमा साधारणसभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।

(ग) सदस्यता शुल्क नतिरेको वा समूहको निर्णय पालना नगरेमा समूहले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

(घ) समूहलाई हानि नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई समूहले सदस्यबाट हटाउने निर्णय गरेमा ।

तर सम्बन्धित सदस्यलाई सफाई दिने अवसरबाट वञ्चित गरिने छैन । यस सम्बन्धि अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

(ङ) नेपालको प्रचलित कानुनले निषेध गरेको कार्य गरेमा ।

## १०. साधारणसभाको गठन र कार्यप्रणाली

साधारणसभाको गठन र कार्यप्रणाली देहाय बमोजिम हुनेछ :

- समूहको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ ।
- साधारण सभाको अध्यक्षता समूहको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितीमा समूहको सचिव र निजको पनि अनुपस्थितीमा समूहको ज्येष्ठ नागरिक सदस्यले गर्नेछ ।
- साधारण सभा समूहको सर्वोच्च निकाय हुनेछ ।

## ११. साधारण सभाको काम, कर्तव्य र अधिकार

साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

- अध्यक्ष, सचिव र कोषाध्यक्षले क्रमशः आ-आफ्नो क्षेत्रमा परेका कार्यसम्बन्धि वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने ,
- वार्षिक प्रगति प्रतिवेदन पेश गर्ने,
- सबै सदस्यहरु भेला हुने,
- समूहको विधान संशोधन गर्ने,
- आवश्यकताअनुसार सल्लाहकार मनोनयन गर्ने,
- समूहको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

## १२. आर्थिक व्यवस्था

(क) समूहको देहाय बमोजिम आर्थिक स्रोत हुनेछः:

- सदस्यबाट प्राप्त शुल्क
- सरकारी तथा गैरसरकारी संस्थाबाछ प्राप्त अनुदान
- समूहको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार
- अन्य आम्दानी ।

(ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षणपश्चात विवरण साधारण सभामा प्रस्तुत गर्ने जिम्मेवारी समूहको हुनेछ ।

(ग) समूहको नाममा प्राप्त वा खरीद चल अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिएबमोजिम हुनेछ ।

## १३. कार्यसमिती वा पदाधिकारीको राजीनामा

(क) समूहका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछ ।

(ख) अध्यक्षले आफ्नो राजीनामा सचिवमार्फत समूहको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समूहले निर्णय गरे बमोजिम हुनेछ ।

**१४. कार्य समितीलाई अविश्वासको प्रस्ताव :** कार्य समितीका अध्यक्ष एवं पदाधिकारीहरुउपर अविश्वास लागे यथोचित कारण देखाई समूहका ६० प्रतिशत सदस्यले विशेष साधारण सभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा दुई तिहाई बहुमत आवश्यक पर्नेछ ।

## १५. विविध

(क) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितीले स्वीकृत गरेपछि साधारण सभामा पेश गरिनेछ । साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई बहुमतले विधान संशोधन हुनेछ ।

(ख) प्रचलित ऐन, नियमहरुसँग बाझिएका बुँदाहरु हदसम्म स्वत : खारेज हुनेछ ।

# अनुसूचि २

## दफा ५ को उपदफा (१) को खण्ड (ख) सँग सम्वन्धित

## महिला समूहलाई गाउँपालिकामा दर्ता गर्ने निवेदनको नमुना

मिती : ....................................

श्रीमान कार्यकारी अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय
चैनपुर, मकवानपुर ।

विषय : महिला समूह दर्ता सम्बन्धमा

उपरोक्त सम्बन्धमा यस राक्सिराङ्ग गाउँपालिका वडा नं. ..........को ...............................टोलमा गठन गरिएको ..........................................................महिला समूहलाई यस गाउँपालिका कार्यालयमा दर्ता/सूचीकृत गरिदिनु हुन अनुरोध गर्दछु । यस महिला समूहको क्षेत्र निम्न उल्लेखित किल्लाभित्र सिमित रहनेछ ।

पूर्व सिमाना......................................

पश्चिम सिमाना...................................

उत्तर सिमाना......................................

दक्षिण सिमाना...................................

निवेदक...........................................

महिला समूहको नाम..................................

अध्यक्षको नाम :...........................

ठेगाना..................................

# अनुसूची ३

**दफा ५ को उपदफा (१) को खण्ड (ग) सँग सम्वन्धित**

## राक्सिराङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## चैनपुर, मकवानपुर ।

**प्रमाणपत्र**

राक्सिराङ्ग गाउँपालिका वडा नं.................... स्थित ..........................................मा गठन भएको ........................................महिला समूहलाई यस कार्यालयमा मिती ............................मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ । यस गाउँपालिकाको शैक्षिक, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार सुशासन, लैंगिक समानता, महिला विकास तथा सशक्तिकरण लगायतका क्षेत्रमा यस महिला समूहको सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

........................................

प्रमुख प्रशासकीय अधिकृत

**आज्ञाले**
**युवराज आचार्य**
**प्रमुख प्रशासकिय अधिकृत**

**राक्सिराङ्ग गाउँपालिका, चैनपुर, मकवानपुर/ मुद्रण रु १० मात्र ।**